# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

**नगर कार्यपालिकाको कार्यालय**

**Office of the Municipal Executive**

**भिमाद,तनहुँ**

**Bhimad, Tanahun**

**२०७३/2073**

**गण्डकी प्रदेश,नेपाल**

**Gandaki Province, Nepal**


प.सं./Ref No.:०७९/०८०

च.नं. /Des No.:

---

प्रथम पटक प्रकाशित मितिः-२०७९।०९।१८

## सामुदायिक वन तथा उपभोक्ता समूहले विवरण पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा वन ऐन, २०७६ को दफा २२ तथा वन नियमावली, २०७९ को नियम ४५ मा सामूदायिक वन तथा उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनको लागि देहाय बमोजिमका कागजात नगरपालिकामा बुझाउनु पर्ने व्यवस्था रहेकोले यस भिमाद नगरपालिकाको क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहले २०७९ माघ मसान्त भित्र उल्लेखित विवरणहरु नगर कार्यपालिकाको कार्यालयमा बुझाउनुहुन अनुरोध छ।

देहाय

१. समूहको विधान,

२. समूहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

३. सामूदायिक वनको स्वीकृत कार्य योजना,

४. सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक प्रति।

**साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः-**

१. ऐनको दफा २२ को उपदफा १ बमोजिम सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना तथा लगत विवरण,

२. सामूदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

३. सामूदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावरको वार्षिक विवरण।

2079।9।18

टेकनाथ दहाल

प्रमुख प्रशासकीय अधिकृत


फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436

ठेगाना/Address: X3HJ+3P Bhimad

ईमेल/ Email:info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com

वेवसाईट/ Website:bhimadmun.gov.np